राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ६ अंक ३०७ २०८२ असार १९ गते बिहिवार (3 July 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## मधेशका पाँच जिल्लामा ४८.५ प्रतिशत मात्र धान रोपाई, पानी नपरेर ढिलाई

वीरेन्द्र कर्ण

जनकपुरधाम, १८ असार । 'अन्नको भण्डार' मानिने मधेश प्रदेशका आठ जिल्लामध्ये हालसम्म पाँच जिल्लामा मात्र ४८.५ प्रतिशत क्षेत्रफलमा धान रोपाइ सम्पन्न भएको छ। नियमित वर्षा नहुँदा धान रोपाइमा ढिलाइ भएको कृषि विकास निर्देशनालय नक्टाझिजले जनाएको छ।



निर्देशनालयका अनुसार धनुषामा १० प्रतिशत, सिरहामा ५ प्रतिशत, बारामा ११ प्रतिशत, पर्सामा ६.२ प्रतिशत र रौतहटमा १६ प्रतिशत क्षेत्रफलमा धान रोपाइ सम्पन्न भएको छ।

धनुषामा ७६ हजार ५३१ हेक्टर खेतीयोग्य जमिनमध्ये ४३ हजार ७०० हेक्टरमा मात्रै धान खेती हुने गर्छ। यहाँ हालसम्म १० प्रतिशत अर्थात् ४ हजार ३७० हेक्टरमा मात्र रोपाइ भएको छ। सिरहाको कुल खेतीयोग्य क्षेत्रफल ७३ हजार ९१४ हेक्टर हो, जसमा ५४ हजार हेक्टरमा मात्र धान खेती हुन्छ। हालसम्म यहाँ ५ प्रतिशत अर्थात् २ हजार ७ हेक्टरमा रोपाइ सम्पन्न भएको छ। बारामा ६९ हजार ९६३ हेक्टर खेतीयोग्य जमिनमध्ये ४६ हजार २० हेक्टरमा धान खेती हुन्छ। यहाँ ११ प्रतिशत अर्थात् ५ हजार ६२२ हेक्टरमा रोपाइ सम्पन्न भएको छ।

पर्सामा ५४ हजार ४०६ हेक्टर खेतीयोग्य क्षेत्रफलमध्ये ४३ हजार ४१३ हेक्टरमा धानखेती सम्भव छ। त्यहाँ हालसम्म ६.२ प्रतिशत अर्थात् २ हजार ७१३ हेक्टरमा धान रोपाइ भएको छ। रौतहटमा ६५ हजार ९६९ हेक्टर खेतीयोग्य जमिनमध्ये ३५ हजार हेक्टरमा मात्रै धान खेती हुने गर्छ। यहाँ हालसम्म १६ प्रतिशत अर्थात् ५ हजार ६ हेक्टरमा रोपाइ सम्पन्न भएको छ। मधेशका बाँकी तीन जिल्ला–सप्तरी, सर्लाही र महोत्तरीको रोपाइको अवस्था अझै प्राप्त नभएको निर्देशनालयका बाली विकास अधिकृत सुदीप चौधरीले बताए। ती जिल्लाबाट कृषि ज्ञान केन्द्रले विवरण नपठाएको कारण त्यहाँको स्थिति यकिन गर्न नसकिएको उनले बताए। उनका अनुसार समयमा पानी नपरेका कारण कतिपय जिल्लामा रोपाइ ढिलाइ भएको हो। किसानहरू अहिले पनि वर्षाको प्रतीक्षामा छन्।

## 'सांसद दासमाथि लुटपाट र हमलाको प्रयास'

दैनिक समाचारदाता

जनकपुरधाम, १८ असार । मधेश प्रदेशसभा सदस्य तथा जनता समाजवादी पार्टी (जसपा) की केन्द्रीय सदस्य ललिता दासमाथि सिराहाको लहानमा गएराति लुटपाट तथा हमलाको प्रयास भएको छ । सांसद दासले सामाजिक सञ्जालमार्फत घटनाबारे जानकारी दिँदै आफू भागेर ज्यान जोगाउन सफल भएको उल्लेख गरेकी छन् ।



जनकपुरधामबाट पार्टी अध्यक्ष उपेन्द्र यादवसँगको भेटपछि फर्किंदै गर्दा राति साढे १२ बजे लहान चोक नजिकै दुई अपरिचित युवाले उनलाई पछ्याउँदै हातपातको प्रयास गरेका थिए । दासका अनुसार, घर नजिकैको एनएमबी बैंकको गल्लीमा ती युवाहरू अचानक आइलागे।

"डरले चिच्याउँदै भागेँ, भाग्यले घर पुगेपछि परिवारले ढोका खोलिदिए र म ज्यान जोगाउन सफल भएँ," उनले सामाजिक सञ्जालमा लेखेकी छन्।

दासले आक्रोश व्यक्त गर्दै भनेकी छन्, "के हुँदैछ हाम्रो देशमा? किन यस्तो भय र त्रास फैलाइएको छ हामीमाथि?"

उनका अनुसार घटनापछि लहानका डीएसपी कैलाश राई र जिल्ला प्रहरी कार्यालय सिरहाका एसपीलाई जानकारी गराइएको थियो। तर प्रहरीको प्रतिक्रिया ढिलो र संवेदनशीलता विहीन रहेको भन्दै उनले गुनासो गरेकी छन्। "प्रहरी थानाको नजिकै घर हुँदाहुँदै पनि असुरक्षित महसुस गर्नु परेको छ। केही महिनाअघि पनि मेरै घर अगाडि चक्कु प्रहारको घटना भएको थियो," उनले भनिन्।

उक्त रात सांसद दाससँगै जनकपुरधामबाट जसपाका सांसद राजकुमार गुप्ता, जिल्ला समन्वय समितिका सभापति दिनेशकुमार महतो, लहान नगर कमिटी अध्यक्ष रामउद्गार महतो र इन्जिनियर बैजनाथ प्रसाद साह पनि फर्किरहेका थिए। तर उनीहरू गाडीमै थिए, दासमात्र लहान चोकमा ओर्लिएर पैदल घरतर्फ गएकी थिइन्।

प्रहरीले घटनाको छानबिन भइरहेको जनाएको छ। सांसदमाथिको यस्तो घटनाले स्थानीय सुरक्षाप्रणालीप्रति गम्भीर प्रश्न उठाएको छ।

## पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीद्वारा सरकारी सेवासुविधा फिर्ता

दैनिक समाचारदाता

काठमाडौं १८ असार । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले आजकै मितिदेखि लागू हुनेगरी आफूलाई प्रदान गरिएको सरकारी सेवासुविधा फिर्ता लिने निर्णय गरेकी छिन्।

उनको तर्फबाट गृह मन्त्रालयमा औपचारिक निवेदन पेस गरिएको स्रोतले जानकारी दिएको छ।

"पूर्वराष्ट्रपतिले पाउने सबै सेवा सुविधा फिर्ताको निवेदन गृह मन्त्रालयमा पठाइएको छ, आजकै मितिबाट सेवा सुविधा पनि फिर्ता गर्दैछौं,"भण्डारीनिकट स्रोतले बताएको छ।

पूर्वराष्ट्रपतिले गत १४ असारमा औपचारिक रूपमा नेकपा एमालेको सक्रिय राजनीतिमा पुनः प्रवेशको घोषणा गरेकी थिइन्। उनले पार्टी सदस्यता नवीकरण भइसकेको जानकारी पनि सार्वजनिक गरेकी छिन्।

भण्डारीको पुनः राजनीतिक सक्रियतासँगै नेकपा एमालेभित्र नेतृत्व पुनर्संरचनाको बहसले नयाँ गति लिएको छ।



## पूर्वप्रधानमन्त्री हसिनालाई ६ महिना जेल सजाय

दैनिक समाचारदाता

काठमाडौ १८ असार । बंगलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरण (आईसीटी) ले पूर्वप्रधानमन्त्री शेख हसिनालाई अदालतको अवहेलनाको मुद्दामा ६ महिनाको जेल सजाय सुनाएको छ ।



ढाका ट्रिब्युन अनुसार, अपदस्थ अवामी लिग नेतृ समेत रहेकी हसिनालाई न्यायाधीश एमडी गोलाम मोर्तुजा मोजुम्दारको अध्यक्षतामा रहेको तीन सदस्यीय इजलासले जेल सजाय बुधबार सुनाइएको हो ।

त्यसैगरी, गाइबान्धाको गोविन्दगञ्जका शाकिल आकन्द बुलबुललाई पनि यसै मुद्दामा २ महिनाको कैद सजाय सुनाइएको छ। हसिनाले ११ महिनाअघि पदत्याग गरी देश छाडेकी छन् ।


जुन २०२५ मा आईसीटीले शेख हसिनामाथि औपचारिक रूपमा 'मानवता विरुद्धका अपराध' को आरोप लगाएको थियो।

आरोप अनुसार, २०२४ को जुलाईमा देशभर भएको जनविद्रोहका क्रममा भएको सामूहिक हत्याको आदेश दिनेमध्ये मुख्य व्यक्ति शेख हसिना रहेको अभियोजन पक्षले दाबी गरेको छ।

मुख्य अभियोजक मोहम्मद ताजुल इस्लाम र उनको टोलीले अदालतमा बुझाएको आरोपपत्रमा हसिनामाथि जुलाई र अगस्ट २०२४ मा भएका हिंसात्मक दमनहरूको प्रमुख योजनाकार भएको आरोप लगाइएको छ।

अगस्ट ५, २०२४ मा शेख हसिनाले प्रधानमन्त्री पदबाट राजीनामा दिँदै ढाकास्थित निवास खाली गरेर भारततर्फ प्रस्थान गरेकी थिइन् । त्यतिबेला ढाकामा कर्फ्युको अवज्ञा गर्दै हजारौं प्रदर्शनकारी सडकमा उत्रिएका थिए।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035



## सम्पादकीय

# मानव अधिकारको अनुभूति कहाँ छ?

जनकपुरधाममा आयोजित अन्तरक्रिया कार्यक्रमले मधेश प्रदेशमा मानव अधिकारको अवस्था र चुनौतीबारे गहिरो सन्देश दिएको छ। राष्ट्रिय मानव अधिकार आयोग, मधेश प्रदेश कार्यालयद्वारा आयोजित उक्त कार्यक्रममा सहभागी वक्ताहरूले स्पष्ट रूपमा औंल्याएका छन्–आर्थिक रुपमा पिछडिएको, बेरोजगारीले ग्रस्त र आत्मनिर्भरता विहीन समाजमा मानव अधिकारको उल्लंघन बढी हुन्छ। जब नागरिक आधारभूत आवश्यकता र गरिमापूर्ण जीवनको प्रत्याभूति बिना बाँच्न बाध्य छन्, तब मानव अधिकारको कुरा केवल आदर्श बनेर सीमित रहन्छ।

मधेश प्रदेश सरकारका मन्त्री प्रमोद कुमार जयसवालले प्रदेश सरकारको प्रतिबद्धता दोहोर्याउँदा संविधानप्रदत्त अधिकारलाई व्यवहारमा उतार्न नीति निर्माणको आवश्यकता औंल्याए, जुन आजको सन्दर्भमा अत्यन्त सान्दर्भिक छ। तर, प्रश्न उठ्छ–के ती नीतिहरू जमीनमा कार्यान्वयन भएका छन्? प्रदेशसभा सदस्य शारदा थापा र रुपा कुमारी यादवका भनाइहरूले हामीलाई कठोर यथार्थसँग जुध्न बाध्य बनाउँछन्। महिलाको प्रजनन अधिकारदेखि सामाजिक सुरक्षासम्मको सुनिश्चितता अझै टाढा रहेको कुरा थापाले उठाएकी छन् भने यादवले शिक्षादेखि स्वास्थ्यसम्मको चरम उपेक्षालाई आक्रोशसाथ प्रस्तुत गरेकी छन्।

वास्तवमा, मधेश प्रदेशका ६२ लाख जनसंख्यामध्ये दृष्टिविहीन तथा अपांगता भएका व्यक्तिहरूका हकहितप्रति सरकार बेखबर हुनु केवल लापरवाही होइन, मानव अधिकारकै उल्लंघन हो। यी समुहलाई न नीति, न बजेट न कार्यक्रममा समेट्ने कार्यलाई लोकतान्त्रिक प्रणालीको अपमान मान्नुपर्छ। यसैगरी, रोजगारी नहुँदा, शिक्षाको गुणस्तर कमजोर हुँदा र स्वास्थ्य प्रणाली स्वयं बिरामी हुँदा जनताले मानव अधिकारको अनुभूति कसरी गर्न सक्दछन ?

एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डलले भनेजस्तै, शिक्षादेखि कृषि, स्वास्थ्य, रोजगारी र पूर्वाधार निर्माणमा राज्यले प्रभावकारी रूपमा काम गरे मात्रै मानव अधिकारको अवस्था सुध्रन सक्छ। साथै, उनले उठाएको वातावरणीय अधिकारको मुद्दा पनि आजको सन्दर्भमा अत्यन्त सान्दर्भिक छ। जलवायु परिवर्तन, प्रदूषण, र जलस्रोतको दोहनले जीवनका हरेक पक्षमा असर पारिरहेका छन्, जुन मानव अधिकारसँग प्रत्यक्ष गाँसिएको विषय हो।

मानव अधिकारकर्मी सविनाले भनेझैं, मानव अधिकार जनताले महसुस गर्न सक्ने बनाइनु पर्छ। यो दस्तावेज वा कानूनी शब्दको मात्र विषय होइन। जबसम्म राज्यले नागरिकलाई अनुभूत गराउन सक्दैन कि उनीहरू सम्मानपूर्वक बाँच्न सक्छन्, तबसम्म मानव अधिकारको बहस अपूर्ण रहन्छ। यही सन्देश युपिआर सिफारिसहरूको कार्यान्वयन समीक्षा अन्तर्गत गरिएको अन्तरक्रिया कार्यक्रमले दिएको छ–हामी नीति र प्रतिबद्धताबाट अघि बढेर कार्यान्वयन र परिणामको चरणमा पुग्नुपर्छ। मानव अधिकारका मापनहरू तब मात्र सार्थक हुन्छन्, जब नागरिकहरूले आत्मसम्मानपूर्वक जीवन यापन गर्न पाउँछन्, र राज्यले उनीहरूको आवश्यकता बुझेर सम्बोधन गर्न सक्छ। मधेशजस्तो ऐतिहासिक रूपले पछाडि पारिएको क्षेत्रका लागि मानव अधिकारको बहस केवल औपचारिकता होइन, एक जीवन्त आन्दोलन बन्नु जरुरी छ। यसका लागि राज्य, स्थानीय तह, नागरिक समाज, मिडिया र स्वयं नागरिक सबैको भूमिका अनिवार्य छ। यही चेतनाले मात्र आत्मनिर्भर , न्याययुक्त र अधिकारसम्पन्न समाजको निर्माण सम्भव छ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।


धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# विकल्पहीन विद्या !



कृष्ण गिरी

'राजनीतिमा थकाइ भन्ने शब्दावली हुँदैन' भन्ने जननेता मदन भण्डारीको शब्द सापटी लिँदै पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले नेकपा एमालेको सदस्यता नवीकरण गरेर राजनीतिमा पुनः सक्रिय भएको औपचारिक घोषणा गरेपछि नेपालको राजनीतिक परिदृश्यमा हलचल मच्चिएको छ । विश्वकै ध्यानाकृष्ट गर्ने गरी उदाइरहेका कम्युनिष्ट नेता भण्डारी २०५० जेठ ३ गते चितवनको दासढुंगामा रहस्यमय जीप दुर्घटनामा भौतिक रूपमा अस्ताए । देशले एउटा आशालाग्दो नेता गुमायो, विद्याले जीवनसाथी । यद्यपि, एमाले मदनले प्रतिपादन गरेको जनताको बहुदलीय जनवाद 'जबज' को मार्गदर्शन सिद्धान्तलाई अंगीकार गर्दै यहाँसम्म आएको छ ।

विद्यार्थी राजनीतिबाट पार्टीमा जोडिएकी विद्याको राजनीतिक जीवन विवाहपछि सुस्त भयो । मदनको निधनपछि पार्टीले उनलाई पुनः सक्रिय राजनीतिमा फर्कायो र दासढुंगा घटनाको २२ वर्षपछि विद्या देशको राष्ट्रपति बनिन् । सात वर्ष राष्ट्रपति बनेकी उनले पूर्व राष्ट्रपतिको हैसियतमा राज्यबाट पाउने सबै सेवा-सुविधा त्याग्ने घोषणा गर्दै जीवनभर राष्ट्र र जनताको सेवा गर्ने आफ्नो संकल्पलाई स्मरण गरिन् । यतिबेला देशको हित र जनताको मन बुझ्ने नेता देशले खोजेको छ । देश र जनताको हित नै आफ्नो ध्येय र लक्ष्य भएको स्पष्ट पार्दै विद्याले मदनका भनाइ फेरि सापटी लिइन्, 'जनता भनेका भगवान् हुन् !'

जननेता मदन भण्डारीको ७४औं जन्मजयन्तीको अवसरमा पूर्व राष्ट्रपतिको यो घोषणाले देशको राजनीतिक वृत्त तरङ्गित मात्रै बनेको छैन यसको पक्ष, विपक्षमा अनेकौं मत जाहेर भएका छन् । यो घोषणापछि आम रूपमा मुख्य गरेर तीनथरी मत जाहेर भइरहेका छन् । एक, पूर्व राष्ट्रपति भइसकेको व्यक्ति राष्ट्रले दिएको सम्मान खाएर थपक्क बस्नुपर्छ । दुई, राजनीतिक पृष्ठभूमिको मान्छे उमेर र स्वास्थ्यले दिएसम्म देश र जनताको सेवामा क्रियाशील हुनुपर्छ । तीन, देशको संविधान, कानूनले पूर्व राष्ट्रपतिलाई सक्रिय राजनीतिमा जान रोक्दैन, तर उनीहरू यो नैतिक प्रश्न हो भनेर व्याख्या गर्छन् ।

नेकपा एमालेका कार्यकर्ता पंक्तिमा चाहिं दुईथरी मत प्रकट भएको देखिन्छ । एक, विद्या सक्रिय राजनीतिमा आएर एमालेको नेतृत्व सम्हाल्नुपर्छ र यसलाई अझै मजबूत बनाउनुपर्छ । दुई, विद्या सक्रिय राजनीतिमा आउनै हुँदैन । एमालेको नेता पंक्ति भने तीन वटा धारमा रहेको बुझिन्छ । एउटा धार, विद्या आउनुपर्छ, सबैलाई समेटेर अघि बढ्नुपर्छ । दोस्रो धार छ, पार्टी अध्यक्ष केपी ओलीकै निरन्तरता वा उनले जो चाहन्छन् उसलाई नै समर्थन गर्ने तर विद्या भण्डारी कुनै हालतमा आउनै हुँदैन भन्ने । र, तेस्रो धार पर्ख र हेरको अवस्थामा छ । अर्थात् उनीहरू परिस्थिति अनुसार खुल्न चाहन्छन् । जता लाग्दा राजनीतिक सुनिश्चितता हुन्छ उनीहरू त्यतै लाग्छन् । विगतमा केपी भन्दा विद्यासँग नजिक रहेका भनिएका केही नेताहरू अहिले आकर्षक मानिएका मन्त्रीको पदमा रहेकाले पनि खुल्न नचाहेको बताइन्छ । जानकारहरू भन्छन्, उनीहरू पनि आफ्नो राजनीतिक सुनिश्चितता चाहन्छन् ।

यसरी पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको सक्रिय राजनीतिक यात्रालाई लिएर एमालेभित्र र बाहिर विभिन्न मत, अभिमतहरू जाहेर भइरहेका छन् । कति बाहिर प्रकट भएका छन् त कति बुझिने गरेर सतहमा देखिएका छन् ।

रूसका राष्ट्रपति भ्लादिमिर पुटिनकै उदाहरण लिऊँ, सन् २०१२ देखि हालसम्म लगातार १३ वर्षदेखि राष्ट्रपति छन् । सन् २००० देखि २००८ सम्म राष्ट्रपति रहेका उनी २००८ देखि २०१२ सम्म प्रधानमन्त्री थिए । सन् २००५ देखि २०१५ सम्म दश वर्ष श्रीलंकाको राष्ट्रपति रहेका महिन्दा राजापाक्षे त्यसपछि सन् २०१९ देखि २०२२ सम्म प्रधानमन्त्री बने । विश्वमा यस्ता उदाहरण धेरै छन् । त्यसैले राष्ट्रपति भएको व्यक्ति त्यस देशको कानूनले नरोकेको अवस्थामा देश र जनताको सेवा गर्ने पवित्र उद्देश्य राख्दा पुनः सक्रिय राजनीतिमा फर्कने विषय दुनियाँमै नभएको, अनौठो होइन । पुटिन या राजापाक्षेका व्यक्तिगत तथा राजनीतिक शैली, सबल पक्ष, कमजोर पक्षका बारेमा लामा-लामा बहस हुन सक्लान् । तर राष्ट्रपति भइसकेको व्यक्ति कानूनी अड्चन नभएको अवस्थामा पुनः राजनीतिमा फर्कने चलन विश्वमै कहीं छैन भन्ने अवस्था भने छैन । तर राष्ट्रपति भइसकेको व्यक्ति पुनः सक्रिय राजनीतिमा फर्कंदा आफू किन फर्कने भन्ने विषय स्पष्ट हुनुपर्छ । विद्यादेवी भण्डारीले चित्तबुझ्दो उत्तर दिनुपर्ने यो मूल प्रश्न हो । दुई वटा कारणले विद्या भण्डारीको राजनीतिमा पुनः इन्ट्री महत्वपूर्ण हुनसक्छ । एक, देशले एक कुशल राजनीतिज्ञको खोजी गरिरहेको छ । यो घडीमा विद्याले आफूलाई भरोसायोग्य र अब्बल सावित गर्न सक्छिन् । दोस्रो, एक भएमा दरिलो उपस्थिति जनाउन सक्ने र देशको कायापलट गर्ने सामर्थ्य राख्ने तर विभाजित अवस्थामा रहेको नेपाली वामपन्थी आन्दोलनले एउटा अभिभावक खोजेको छ, त्यो भूमिका निर्वाह गर्न सक्छिन् । प्रश्न उठ्न सक्छ, यदि सकिनन् भने के हुन्छ ? उत्तर सरल छ, देशले कुनै बिन्दुमा खोजे जस्तो राजनीतिज्ञ पाउन सक्छ । तर, नेपालको वामपन्थी आन्दोलन धरासायी नै बनेर जानेछ । अहिलेकै अवस्थामा नेपालको वामपन्थी आन्दोलनले कुनै नतिजा दिने अवस्था छैन, त्यसैले एकताबद्ध भएर जानका लागि जोखिम उठाउनै पर्छ, विकल्प छैन ।

यदि कसैसँग म देशका लागि केही गर्न सक्छु भन्ने आँट छ भने देश भताभुङ्ग भएको अवस्थामा सरकारी मान खाएर टुलुटुलु हेरेर बस्नुभन्दा त्यसका लागि पहल गर्नु नै उत्तम हुन्छ । राजनीतिक पृष्ठभूमि भएको मान्छे, जो जीवनभर देश र जनताको सेवा गर्ने कसम खाएको हुन्छ, देशलाई समृद्धशाली बनाउनुपर्ने कार्यभार बाँकी भएको अवस्थामा मान पाउनका लागि टुलुटुलु हेरेर बस्ने कि समृद्धिको यात्रामा जोडिने ? पूर्व राष्ट्रपतिले अभिभावकीय भूमिका निर्वाह गरेर बस्नुपर्छ भन्ने पनि छन्, तर यो संविधानले पूर्व राष्ट्रपतिलाई कहाँनेर अभिभावकीय भूमिका दिएको छ र त्यसलाई कहाँ, के भनेर व्याख्या गरेको छ ? जनताले पत्याउँछन्, देशले पत्याउँछ, अन्तर्राष्ट्रिय जगतले पत्याउँछ भने देश बनाउने अभियानमा जोडिनुजत्तिको उत्तम टुलुटुलु हेरेर बस्नु हुँदैहुँदैन ।

कसै-कसैले नबुझेर पनि हो-मा-हो मिलाउँदै विरोधमा मिसिएको देखिन्छ । कतिपय विद्वानहरू कस्ता छन् भने उनीहरूको खेती नै कुनै पनि विषयमा सार्वजनिक खपतका लागि नकारात्मक कुरा गरेर हौवा फिजाउने हुन्छ । एमाले पार्टीभित्र यो विषयको विरोध गर्ने भनेका अक्सर अहिले सत्तासँग नजिक भएर फाइदा उठाइरहेका र भविष्यमा पनि फाइदा उठाइरहन पाउने सपना बुनेका स्वार्थ समूहको झुण्ड बाहेक अरू कोही हुनै सक्दैन । अर्का एकथरी छन्, जो यो विषयलाई भित्रैबाट साँच्चिकै बुझेर भविष्यमा एमाले बलियो बन्ने तथा वामपन्थी शक्ति बीचको एकताबारे पूर्वानुमान गरेर राजनीतिक अभीष्टका साथ विद्या भण्डारीको पुनरागमनलाई विरोध गर्छन् र अनेक तिकडम गरेर रोक्न चाहन्छन् ।

राजनीतिमा विद्याको पुनरागमनले एमाले बलियो हुने मात्र होइन, नेपालमा राजनीतिक ध्रुवीकरण पनि बलियो भएर जान्छ । देशका लागि यो राम्रै विकल्प हो ।

सबैभन्दा खतरनाक पछिल्लो तप्का हो । जो अहिले यो विषयलाई भाँड्न न्वारानदेखिको बल लगाएर लागेका छन् । हो, एमाले पंक्तिले यो कुरा मसिनो गरेर बुझ्न जरूरी छ । एउटा कम्युनिष्ट पार्टीको कार्यकर्ता क्षणिक स्वार्थमा अल्झिने कि दूरदृष्टिका साथ अगाडि बढ्ने भन्ने विषयमा आफ्नो धारणा स्पष्ट गर्नुपर्छ ।

मदन पत्नी विद्याको यो घोषणा अचानक आएको थिएन । लामो पृष्ठभूमि तयार भएरै यो घोषणा आएको थियो । जुन कुरा कुनै गोप्य दस्तावेज थिएन । विद्या अगाडि बढ्दा एमाले बलियो हुने मात्र होइन, नेपालमा राजनीतिक ध्रुवीकरण पनि बलियो गरेर हुन्छ । यो पनि देशका लागि राम्रै हुन्छ ।

विद्यादेवी भण्डारी नेपालको प्रथम महिला राष्ट्रपति मात्र होइनन्, नेपालको संविधान २०७२ जारी भएपछि दुई कार्यकाल राष्ट्रपति भएर संविधानको कार्यान्वयनमा ऐतिहासिक छवि निर्माण गर्ने व्यक्तित्व पनि हुन् । उनले तत्कालीन अवस्थामा संसद्ले पारित गरेर पठाएको विवादित 'नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९' प्रमाणित गर्न अस्वीकृत गरेर पुनर्विचारको सन्देश सहित संसद्मा फिर्ता पठाइन् । राष्ट्रपतिले प्रमाणित नगरेपछि उक्त विधेयक स्वतः निष्क्रिय भयो । राष्ट्रको अभिभावकको रूपमा विद्यादेवी भण्डारीको यो कदमको सर्वत्र प्रशंसा भयो, जनता खुशी भए । पछि रामचन्द्र पौडेल राष्ट्रपति भएपछि उक्त विधेयक पुनः लगेर प्रमाणीकरण गर्ने काम भयो । यो कामले जनता खुशी भएनन् ।

विश्वको मानचित्रमा सानो देखिए पनि एक स्वाधीन राष्ट्रको रूपमा नेपालको विशिष्ट छवि छ । लोकतान्त्रिक गणतन्त्रको स्थापना र संविधानसभाबाट नेपालको संविधान २०७२ जारी भएपछि देशले जुन गति लिने अपेक्षा गरिएको थियो, सोअनुरुप हुन नसकिरहेको यथार्थले देश विदेशमा रहेका सबै देशभक्त नागरिकलाई पिरोल्ने गरेको छ, चासो र चिन्ता प्रकट हुने गरेका छन् ।

संविधानसभाले देशको स्वतन्त्रता र स्वाधीनतालाई आत्मसात् गर्दै संविधान जारी गरेपछि इण्डियाले नेपालमा नाकाबन्दी लगायो र त्यसको तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले डटेर सामना गर्दा जनताको साथ र वाह्–वाही पाए । नेपालको नक्शामा समेटिन नसकेको नेपालको भूमिलाई समेटेर चुच्चे नक्शा जारी गरेपछि केपी ओलीको लोकप्रियता झन् बढ्यो । केहीअघि ओलीमाथि 'गफ बढी काम कम' भन्दै आलोचना भयो, तर अहिले प्रधानमन्त्री ओली काममा बढी केन्द्रित रहेको विभिन्न विकास आयोजनाहरूको नतिजाबाट स्पष्ट हुन्छ ।

सबैलाई थाहा नै छ, प्रधानमन्त्री ओली नेकपा एमालेका सर्वशक्तिमान अध्यक्ष पनि हुन् । नेपाल जस्तो विकासोन्मुख देशमा अब विकासको कुरा गरेर मात्र हुँदैन, समृद्धिको सपना देख्नु अनिवार्य छ । जननेता मदन भण्डारीले प्रतिपादन गरेको 'जनताको बहुदलीय जनवाद'को मार्गदर्शनमा दरिलो पाइला टेकेर उभिएको नेकपा एमाले पार्टीका वर्तमान अध्यक्ष एवम् प्रधानमन्त्री केपी ओलीको 'सुखी नेपाली, समृद्ध नेपाल' को अभियानलाई सफलीभूत बनाउन पनि संसदीय व्यवस्थामा दरिलो पार्टी र कार्यकर्ता पंक्तिको जरुरत हुन्छ ।

अनेकथरी खुट्टा टेकेको र विपरीत विचारधारा बोकेका शक्ति बीचको सहकार्यमा अडिएको सरकारले खासै काम गर्न नसक्ने राजनीतिक परिदृश्यहरू छर्लङ्ग छन् । यसकारण पनि नेपालमा राजनीतिक ध्रुवीकरण जरूरी छ । कुनै एउटा पार्टी या समान विचार, सिद्धान्त बोकेकाहरूले निर्माण गर्ने बहुमत प्राप्त बलियो सरकार र त्यसलाई खबरदारी गर्ने ल्याकत राख्ने बलियो प्रतिपक्ष नभएसम्म राजनीतिक स्थायित्व र समृद्धिको सपना पूरा हुन असम्भव छ । नेपालमा राजनीतिक दलहरूको एउटा विशेषता के छ भने आफ्नो घर बलियो बनाउने भन्दा अर्काको घर भत्काउने, देश बनाउन सोच्ने, सक्रिय हुने भन्दा अर्कोलाई सिध्याएर राजनीतिक रूपमा कसरी आफू बलियो हुने भन्ने प्रतिस्पर्धा, तिकडमबाजीमा अल्झिएका छन् । यस्तो प्रवृत्ति पार्टी-पार्टी बीच मात्रै होइन एउटै पार्टीभित्र झन् चर्को र खतरनाक रूपमा छ ।

दृश्यले देखाउँछ, सम्भवतः हाम्रा राजनीतिक दलका नेताजीहरू यस्तो कर्ममा संसारमै सबैभन्दा अगाडि हुनुहुन्छ । यस्तो प्रवृत्तिले न पार्टी बलिया बनेका छन्, न देश बनेको छ । जनतामा आशाभन्दा निराशा बढी छ, नेताहरूले जनताको आक्रोशको सामना गर्न सक्ने अवस्था छैन । यस्ता खेलोखेतीले भए-गरेका राम्रा काम पनि ओझेलमा परेका छन् । जनता त्यसलाई भ्रष्टाचारसँग जोडेर तर्क गर्छन् वा देखाउने दाँतको रूपमा व्याख्या गर्छन् । जनता-जनार्दन हुने व्यवस्थामा जब जनताले नै पत्याउन छोड्छन् यसले शुभ सङ्केत गर्दैन ।

जनताले पत्याउनका लागि देखिने गरेर, अनुभूत गर्ने गरेर काम गर्न जरूरी छ र त्यसले मात्र आशाको सञ्चार गर्छ । उदाहरणका लागि दैलेखमा ग्याँस भण्डार भेटियो भन्ने कुराले खासै प्रभाव पार्दैन, जतिसक्दो छिटो त्यसलाई उत्खनन गरेर वितरण गर्ने, भ्रष्टाचार हुन नदिने र त्यसले जनता र देशका लागि के फाइदा पुग्यो भनेर छर्लङ्ग हुनुपर्दछ । अनि मात्र आशाको सञ्चार हुन्छ, समृद्धिको पथमा एउटा पाइला अघि बढ्छ । विरोधीहरूलाई कामले जवाफ दिने हो कार्यकर्ताको गोलोले खेदेर कुनै अर्थ हुँदैन ।

गाउँदेखि शहरसम्म बाटोघाटो बनाउने, सडक विस्तार गर्ने, स्वरोजगारीका लागि सहयोग पुग्ने खालका कार्यक्रमबाट नागरिकलाई मद्दत गर्ने, शिक्षा, स्वास्थ्य, सञ्चारका लागि मद्दत गर्ने जस्ता काम नभएका होइनन् । सरसर्ती हेर्दा विगतमा भन्दा अहिले विकास भएको छ, मानिसहरूका दैनिकीमा केही सहजता आएको छ । तर समस्या कहाँ छ भने, हरेक ठाउँमा भ्रष्टाचार छ भन्ने जनताको बुझाइ छ, यसलाई होइन भन्न न पार्टीहरू सक्छन् न सरकार नै सक्छ । हिजो चप्पल पड्काउँदै हिंड्ने राजनीतिक दलका नेताहरूको जीवनस्तर आँखै अगाडि कहाँबाट कहाँ पुगेको देखेका जनताको चित्त बुझाउन गाह्रो परेको छ ।

पैसा नभएका जनताका छोराछोरीले राम्रो शिक्षा पढ्न पाउने, पैसा नभएको जनताले बिरामी हुँदा निःशुल्क उपचार पाउने अवस्था अझै बनेको छैन । तर राज्यको ढुकुटीमा अनेक नाममा अनेक थरीको रजगज छ । भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, आफ्नो मान्छे या राजनीतिक दलमा आबद्धताको नाममा गरिने काखापाखा वा विभेदले जनता दुःखी, आक्रोशित छन् । जनचाहना बुझेर, जनताको आवश्यकतालाई सही सम्बोधन हुने गरेर होइन, अनेकथरी विज्ञका नाममा अँध्यारा कुनामा बसेर गरिने अपारदर्शी निर्णयले गतिला नतिजा दिन सकेनन् । यसले हाम्रा विज्ञहरूमाथि समेत प्रश्न उठेको छ । जहाँतहीं राजनीतिले गिजोलेको छ । एउटा किसानले गर्ने उत्पादनको कुनै मोल छैन, हिजो हामीसँग भएका कलकारखाना बिक्री भइसके, खिया लागिसके । नयाँ उद्योग धन्दा, रोजगारी छैन, जनताको सामाजिक या जीउज्यानको सुरक्षाको अवस्था कमजोर छ । एक-दुई वर्ष पनि नटिक्ने केही थान चिल्ला सडक देखाएर नागरिकमा कसरी सकारात्मक सन्देशको सञ्चार हुन्छ ?

छ्याङ्गै छ, केही भएको छ, हुनुपर्ने जति भएन । हामीसँग अब पछाडि फर्केर भीरबाट हामफाल्ने विकल्प भन्दा पहाड छिचोलेर अगाडि बढ्ने उत्तम विकल्प हुन्छ । यसको अर्थ हुन्छ, प्राप्त उपलब्धिको रक्षा गर्ने, थप उपलब्धिका लागि अगाडि बढ्ने । कमजोरीलाई सुधार गर्दै समृद्धिको लक्ष्य हासिल गर्नका लागि क्रियाशील भइरहने र राजनीतिलाई सही बाटोमा ल्याउने । त्यसका लागि देशलाई कार्यकारी भूमिका सहितको अभिभावक आवश्यक छ । पार्टीमा होस् या सरकारमा, त्यो भूमिका भएको नेतृत्व जरूरी छ । विद्या भण्डारी नेतृत्वमा आएर उल्कै परिवर्तन होला नहोला तर यसले अहिलेको अवस्थामा धेरै मनहरूलाई एकैठाउँमा अवश्यै बाँध्नेछ । राजनीतिक ध्रुवीकरण लोकतन्त्र, देश र नागरिक हितको पक्षमा हुनेछ ।

स्वाधीन राष्ट्र नेपालको राष्ट्रियताको रक्षा र समृद्धिको अभियानमा नेकपा एमालेका अध्यक्ष एवम् वर्तमान प्रधानमन्त्री केपी ओलीबाट नायकत्व प्रकट भएकै हो । पार्टी निर्माण र एमालेलाई अप्ठ्यारो अवस्थाबाट जोगाएर ल्याउने काममा समेत केपी ओलीको योगदान अतुलनीय छ । तर, स्वास्थ्य अवस्था र उमेरको कारण उहाँले अब आफूलाई अभिभावकीय भूमिकामा राखेर कम्तीमा नेपालका वामपन्थीहरू बीच सर्वस्वीकार्य हुनसक्ने नेतृत्व स्थापित गर्नु महानता हुन्छ । अहिले पार्टीका हरेक पंक्ति र जनताले चाहेको विषय हो यो । छरिएको कम्युनिष्ट आन्दोलनलाई समेट्न, छरिएका मनहरूलाई बाँध्न खास नेतृत्व चाहिएको छ । र, त्यो विद्यामै देखिन्छ । पार्टी मात्र होइन, समाजलाई नेतृत्व गर्न सक्ने, विश्व राजनीतिले पत्याएकी जननेता मदन भण्डारीको 'लिगेसी' पनि विद्यासँगै छ । साभारः अनलाइनडटकमबाट

## सात्विक भोजनमा प्याज र लसुन नखाइने कारण:

# आयुर्वेद, योग र अध्यात्मको दृष्टिकोण



खानपानको उद्देश्य केवल पेट भर्ने मात्र नभई जीवनलाई शुद्ध, सन्तुलित र ऊर्जावान बनाउनु हो। पूर्वीय दर्शन र आयुर्वेदले यही कुरा बताउँछन्। यी अनुसार शरीर, मन र आत्मालाई शान्त, स्वस्थ र सशक्त बनाउने मार्ग भनेको सात्विक भोजन हो।

*तीन प्रकारका भोजन*
आयुर्वेद र योग दर्शन अनुसार भोजनलाई तीन भागमा वर्गीकृत गरिएको छ–सात्विक, राजसिक र तामसिक ।

- **सात्विक भोजनः** शुद्ध, सुपाच्य र मन तथा आत्माको उन्नतिका लागि उपयुक्त।
- **राजसिक भोजनः** शक्ति र उत्तेजना दिने, तर मनलाई अशान्त बनाउने।
- **तामसिक भोजनः** सुस्तता, आलस्य र मानसिक भ्रम पैदा गर्ने।

सात्विक भोजनमा मौसमी फलफूल, ताजा तरकारी, अन्न, दूध, मह, चिया, दाल आदि पर्दछन्। यी खाद्यपदार्थमा गुलियो, नुनिलो, अमिलो, पिरो, तितो, टर्रोजस्ता रसहरूको सन्तुलित मात्रामा सेवन गरिँदा सम्पूर्ण पोषण प्राप्त हुने विश्वास गरिन्छ।
सात्विक भोजनले शरीरलाई बलियो, मनलाई स्थिर र आत्मालाई शुद्ध बनाउँछ। ध्यान, प्राणायाम तथा योग साधनाका लागि यस्तो खानाले सकारात्मक ऊर्जा प्रदान गर्छ।

*प्याज र लसुन सात्विक भोजनमा किन नपर्छन ?*
यद्यपि प्याज र लसुन स्वास्थ्यका दृष्टिले केही लाभदायक मानिन्छन्–जस्तै एन्टिब्याक्टेरियल गुण, पाचनमा सहयोग आदि–तर सात्विक जीवनशैलीसँग मेल नखाने कारणले गर्दा यी खाद्यपदार्थ त्याग गरिन्छन्।
**आयुर्वेदिक दृष्टिकोणः**

- प्याज र लसुन 'उष्ण प्रकृति' अर्थात् तातो स्वभावका हुन्।
- यिनीहरूले शरीरमा पित्त दोष बढाउँछन्, जसले अम्लपित्त, रिस, तनाब, वा चिढचिढोपन ल्याउँछ।
- सात्विक भोजनको उद्देश्य भनेको शीतलता, स्थिरता र सन्तुलन हो, जुन यिनको प्रयोगबाट खल्बलिन सक्छ।

*योगिक दृष्टिकोण:*
- योगले प्राण (जीवन ऊर्जा) को सहज प्रवाहमा ध्यान दिन्छ। प्याज र लसुनले नाडीहरूमा अवरोध ल्याउने विश्वास गरिन्छ।
- ध्यान गर्दा मनको एकाग्रता आवश्यक हुन्छ, तर यिनको गन्ध र स्वादले मन अशान्त र चञ्चल बनाउने भनिन्छ।
- योगीहरूका अनुसार यस्ता भोजनले ध्यान, प्राणायाम र ब्रह्मचर्यमा बाधा पुऱ्याउँछ।

*धार्मिक र सांस्कृतिक कारण:*

- हिन्दू, बौद्ध र जैन परम्परामा प्याज र लसुनलाई अशुद्ध वा तामसिक मानिन्छ।
- जैन धर्ममा यी कन्दमूल भएकाले खेती गर्दा सूक्ष्म जीवको हानि हुन्छ, जसले अहिंसाको सिद्धान्त उल्लङ्घन गर्छ।

*स्वास्थ्यका दृष्टिकोण:*
- प्याज र लसुनमा सल्फरयुक्त यौगिक हुन्छ, जसले पसिना र सास गन्ह्याउने बनाउँछ।
- अत्यधिक सेवनले ग्यास, एसिडिटी वा पेटमा जलन निम्त्याउन सक्छ।

*मनोवैज्ञानिक असर:*
- सात्विक भोजनले मनलाई शान्त, स्पष्ट र सकारात्मक बनाउँछ।
- तर प्याज र लसुनले मनमा उत्तेजना, अशान्ति वा कामभावना उत्पन्न गर्न सक्छन्।
- विशेषत: ब्रह्मचर्य अभ्यास गर्ने साधकका लागि यिनको सेवन बाधक ठहरिन्छ।

*विकल्प के छन?*
सात्विक भोजनमा स्वाद र पाचन सुधारका लागि अन्य धेरै विकल्प छन:
- हिङ - स्वादमा प्याज/लसुनको विकल्प, तर उत्तेजक प्रभाव नहुने।
- अदुवा, बेसार, जीरा, धनियाँ - पाचन सुधार्ने र स्वादिलो बनाउने मसाला।
- तुलसी, पुदीना - सुगन्ध र शुद्धता दिने जडीबुटी।

*निष्कर्ष*
प्याज र लसुन स्वास्थका हिसाबले लाभदायक भए पनि, सात्विक भोजनको मूल भावना–शुद्धता, शान्ति र अध्यात्म–सँग मेल नखाँदाको कारण तिनीहरू त्याग गरिन्छन्। सात्विक जीवनशैली अपनाउनेहरूका लागि भोजन केवल शरीरको आवश्यकतामात्र होइन, मन र आत्माको साधना पनि हो। त्यसैले, भोजन चयनमा चेतनशीलता अनिवार्य हुन्छ।

# नेतृत्वबारे बहस नगर्न महासचिव पोखरेलको निर्देशन

दैनिक समाचारदाता
काठमाडौँ, १८ असार । नेकपा (एमाले) महासचिव शङ्कर पोखरेलले राष्ट्रिय महाधिवेशनको मिति तय भइनसकेकोले नेतृत्वबारे बहस नगर्न निर्देशन दिनुभएको छ ।
ललितपुर, च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा आज बागमती प्रदेश इन्चार्ज, प्रदेश अध्यक्ष र जिल्ला अध्यक्षसहितको बैठकलाई आज 'भर्चुअल' रुपमा सम्बोधन गर्दै उहाँले अहिले नेतृत्वको विषयमा छलफल नगरी विधि र विधानका बारेमा बहस गर्न आग्रह गर्नुभयो ।
"राष्ट्रिय महाधिवेशनको मिति निर्धारण नभइसकेको अवस्थामा नेतृत्वको बहस पूर्णत रोक्नुपर्छ" महासचिव पोखरेलले भन्नुभयो ।
एमालेले यही आगामी भदौ २०-२२ गतेसम्म दोस्रो विधान महाधिवेशन ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा आयोजना गर्ने निर्णय गरिसकेको छ ।
उहाँले विधान महाधिवेशनको मिति तय भइसकेको अवस्थामा सबै नेता कार्यकर्तालाई पार्टीको नीति र विधि निर्माणमा केन्द्रित हुन आग्रह गर्नुभयो । महासचिव पोखरेलले राजनीतिक र साङ्गठनिक प्रतिवेदन केन्द्रीय कमिटीबाट सिधैं बिधान महाधिवेशनमा प्रस्तुत हुने र विधान संशोधन प्रस्ताव केन्द्रीय कमिटीबाट छलफलका लागि मातहतका कमिटीमा पठाइने बताउनुभयो ।



बैठकमा बागमती प्रदेशका जिल्ला अध्यक्षहरुले सदस्यता नवीकरण, नयाँ सदस्यता, टोल कमिटी गठन, पार्टीका अन्य गतिविधिका बारेमा 'रिपोर्टिङ्ग' गर्नुभएको थियो ।
सो अवसरमा एमाले सङ्गठन विभागका प्रमुख काशीनाथ अधिकारी, बागमती प्रदेशका इन्चार्ज डा राजन भट्टराई र अध्यक्ष कैलाश ढुङ्गेललगायत सहभागी हुनुहुन्थ्यो ।

# च्याट जिपिटीबाट उत्कृष्ट सामग्री कसरी तयार पार्ने ?

आजको डिजिटल युगमा, च्याट जिपिटीजस्ता एआई च्याटबट र प्लाटफर्महरू विश्वभरका प्रयोगकर्ताहरूका लागि ज्ञान, सूचना तथा जानकारीको भरपर्दो स्रोत बन्दै गएका छन्। चाहे विद्यार्थी होस् वा सर्जक अनि शिक्षक होस् वा व्यवसायी, सबैका लागि च्याट जिपिटी अत्यन्तै उपयोगी बनिरहेको छ ।
च्याट जिपिटीबाटै तपाईंले आफूले चाहेको लेख्य सामाग्री क्षणभरमै तयार पार्न सक्नुहुन्छ । आफूले नजानेका तथ्य तथा जवाफहरु प्रश्न सोध्ने बित्तिकै प्राप्त गर्न सक्नुहुन्छ। तर च्याट जिपिटीबाट कस्तो गुणस्तरको जवाफ वा सामाग्री प्राप्त गर्ने भन्ने कुरा प्रश्नको स्तरमा पनि भर पर्दछ। यसबाट उत्कृष्ट नतिजा पाउनको लागि केवल प्रश्न राख्नु मात्रै पर्याप्त हुँदैन; प्रयोगकर्ताको सोध्ने शैली, स्पष्टता र प्रश्न संरचना निकै महत्वपूर्ण हुन्छ । च्याट जिपिटीबाट




उत्कृष्ट सामग्री वा उत्तरहरू प्राप्त गर्ने उपाय यी हुन् :

*प्रश्न सधैं स्पष्ट र पूर्ण बनाउनुहोस्*
-कतिपय च्याट जिपिटी प्रयोगकर्ताले च्याट जिपिटीमा अस्पष्ट प्रश्नहरू राख्छन् । जसले गर्दा जवाफ पनि सतही वा अधुरो आउँछ। च्याट जिपिटीबाट सबैभन्दा सही जवाफ तब प्राप्त हुन्छ जब तपाईंको प्रश्न सिधा, प्रष्ट र पूर्ण जानकारीका साथ सोधिन्छ । उदाहरणका लागि च्याट जिपिटीलाई केवल ब्लग लेख भनेर कमान्ड दिनुको साटो कुनै निश्चित शीर्षकमा, निश्चित भाषामा तथा निश्चित शब्दको ब्लग लेख्न लगाउनु पर्दछ।

*शैली तथा स्वर कस्तो चाहिन्छ बताउनुहोस्*
- तपाईंले च्याट जिपिटीबाट कस्तो शैलीको सामाग्री चाहनुहुन्छ, औपचारिक, मित्रवत, संवेगात्मक वा उत्प्रेरणात्मक ? यसको बारेमा तपाइँले सुरुमै जानकारी दिनु पर्दछ । जस्तै तपाइँले लेख्न सक्नुहुन्छ : औपचारिक शैलीमा सार्वजनिक सेवा प्रवाहका बारेमा एउटा आलेख तयार पार्नुहोस् जुन कार्यालय प्रयोजनका लागि उपयुक्त हुन्छ ।

*शब्दको सीमा अवश्य बताउनुहोस्*
-यदि तपाईंले तयार पार्ने सामग्रीमा आलेखको लम्बाइले अर्थ राख्छ भने तपाईंले च्याट जिपिटीमा प्रम्प्ट दिंदा नै शब्दको संख्याको सीमा अवश्य उल्लेख गर्नुहोस् । जस्तो कि १०० शब्दमा छोटो विवरण दिनुहोस् वा एक हजार शब्दमा विस्तृतमा बताउनुहोस्।

*सर्च इन्जिन अप्टिमाइजेसनको शीर्षक दिनुहोस्*
यदि तपाईंले वेबसाइट वा ब्लगका लागि कन्टेन्ट बनाइरहनु भएको छ भने की वर्ड, SEO Title (गुगल जस्ता सर्च इन्जिनमा देखिने शीर्षक) तथा Meta description को कमान्ड पनि दिनुहोस् । यसबाट तपाईंले तयार गर्ने सामग्री प्रकाशित भएसँगै सर्च इन्जिनमा प्राथमिकताका साथ देखिनेछ ।

*पृष्ठपोषण दिएर परिमार्जन गर्नुहोस्*
च्याट जिपिटीले तपाईंले सोधेको प्रश्नबाट प्राप्त हुने पहिलो जवाफ नै अन्तिम हुँदैन । तपाईंले च्याट जिपिटीलाई उक्त उत्तर छोटो बनाउने, लामो बनाउन, सरल बनाउने, प्याराग्राफमा प्रस्तुत गर्न, शीर्षक-उपशीर्षक दिन, उदाहरणहरु प्रस्तुत गर्न आदि लगाउन सक्नुहुन्छ । च्याट जिपिटीले तपाईंका निर्देशन अनुसार उत्तरलाई परिमार्जन गर्दै पुनः उत्कृष्ट उत्तर प्रस्तुत गर्दछ ।

*सिर्जनात्मक तथा सटिक बन्नुहोस्*
तपाईंको प्रश्न जति सटिक तथा सिर्जनात्मक हुन्छ, च्याट जिपिटीले उत्ति नै प्रभावकारी तथा विशिष्ट खालको सामग्री तयार गरिदिन्छ । उदाहरणका लागिः एउटा भावनात्मक कथा तयार पार, जसमा एकजना गरिब बच्चा मिहिनेत गरेर सफलता हासिल गर्दछ ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

# सबैला नगरपालिकाद्वारा उत्कृष्ट १० करदातालाई सम्मान

दैनिक समाचारदाता

जनकपुरधाम, १८ असार । धनुषाको सबैला नगरपालिकाले नियमित रूपमा कर तिर्ने उत्कृष्ट १० जना करदातालाई सम्मान गरेको छ। बुधबार नगरपालिका कार्यालयमा आयोजित कार्यक्रममा सेवा, व्यवसाय तथा अन्य क्षेत्रका प्रतिनिधित्व हुने गरी छानिएका करदाताहरूलाई सम्मानपत्र प्रदान गरिएको हो।

सबैला नगरपालिकाका राजस्व शाखा प्रमुख सञ्जीव राउतले मधेश प्रदेशमा स्थानीय तहबाट उत्कृष्ट करदातालाई औपचारिक रूपमा सम्मान गरिएको यो पहिलोपटक भएको दाबी गरे।



कार्यक्रममा नगर प्रमुख कारीराम यादवले करदाताहरूको योगदानप्रति आभार व्यक्त गर्दै भने,

"स्थानीय तहको समृद्धिको आधार भनेको आफ्नै स्रोत हो। त्यसैले कर तिर्ने संस्कृतिको विकास अपरिहार्य छ।"

उनले आगामी दिनमा अझ बढी करदातालाई सम्मान गर्दै पारदर्शिता, जवाफदेहिता र करको प्रभावकारी उपयोग सुनिश्चित गर्ने प्रतिवद्धता व्यक्त गरे।

कार्यक्रममा नगर उपप्रमुख, विभिन्न वडाध्यक्ष, शाखा प्रमुख, करदाता तथा स्थानीय व्यवसायीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

# काठमाडौंमा चिनियाँको अवैध धन्दा, समातिए ६ जना

दैनिक समाचारदाता

काठमाडौं, १८ असार । डेटिङ एप बनाएर काठमाडौंमा अवैध धन्दा सञ्चालन गरेको आरोपमा ६ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले ललितपुरको दमकल चोकबाट ६ चिनियाँ नागरिकलाई पक्राउ गरेको हो ।

उनीहरुले दमकल चोकमा एक घर भाडामा लिएर सोसियल सफ्टवयेर डेभलपमेन्ट कम्पनी प्रालि दर्ता गरी अवैध कल सेन्टर, डेटिङ एप र क्रिप्टो कारोबार गरेको आरोप छ ।

नेपाली युवा युवतीहरुलाई डेटिङ एमार्फत सम्पर्क गरी अनलाइन डेटिङ स्क्याममा




लगाउने गरेको पाइएको सीआईबीका प्रवक्ता तथा एसपी युवराज खड्काले बताए । यसका साथै उनीहरुले क्रिप्टोको कारोबार गरेको पनि सीआईबीले बताएको छ । उनीहरुको साथबाट प्रहरीले १३ लाख ९९ हजार ९५० अवैध रकम पनि बरामद गरेको छ । यो घटनामा सीआईबीले ५२ जनालाई नियन्त्रणमा लिएको बाँकी ४६ जनालाई भने हिरासत बाहिरै राखेर मुख्य ६ जनालाई हिरासतमै राखेर अनुसन्धन अघि बढाएको छ ।

# जनकपुरमा छुरा प्रहारबाट वृद्धको हत्या, ज्वाइँ फरार

दैनिक समाचारदाता

जनकपुरधाम, १८ असार । जनकपुरधाम उपमहानगरपालिका-१५, कुवारामपुरका ६५ वर्षीय वासुदेवप्रसाद विमलको छुरा प्रहारबाट हत्या भएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता वरुणबहादुर सिंहका अनुसार बुधबार बिहान १० बजेतिर विमलमाथि छुरा प्रहार भएको हो ।

प्रारम्भिक अनुसन्धानका आधारमा विमलमाथि छुरा प्रहार गर्ने व्यक्ति उनका आफ्नै ज्वाइँ, जनकपुरधाम-२१, कुर्थाका ४८ वर्षीय बेचन महासेठ रहेको खुलेको छ। घटनाको कारण जग्गासम्बन्धी विवाद रहेको बताइएको छ।

घाइते विमललाई तत्कालै उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर लगिएको थियो। तर, साढे १० बजेतिर चिकित्सकले उनलाई मृत घोषित गरेका थिए।

प्रवक्ता सिंहका अनुसार घटनापछि आरोपित महासेठ फरार रहेका छन् र उनको खोजी भइरहेको छ। घटनासम्बन्धी थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

# भन्सार विधेयक राष्ट्रियसभाबाट पारित




दैनिक समाचारदाता

काठमाडौं, १८ असार । भन्सार विधेयक, २०८० राष्ट्रियसभाबाट पारित भएको छ ।

आजको बैठकमा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले 'प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त भन्सार विधेयक, २०८० लाई पारित गरियोस्' भन्ने प्रस्ताव पेस गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसहमतिले पारित भएको हो ।

उक्त प्रस्ताव पेस गर्नुहुँदै अर्थमन्त्री पौडेलले नयाँ कानुन कार्यान्वयनपछि भन्सार चुहावट नियन्त्रण, प्रविधिको प्रयोग बढाउने, भन्सार जाँचपास छिटोछरितो र प्रभावकारी ढङ्गले काम गर्न सकिने विश्वास व्यक्त गर्नुभयो ।

भन्सार जाँचपास प्रक्रियालाई थप प्रविधिमैत्री र सहज बनाउन तथा नेपाल पक्ष राष्ट्र रहेको क्योटो महासन्धि अनुकूल हुनेगरी भन्सार ऐन संशोधन आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो ।

नेपाल संशोधित क्योटो महासन्धि सम्झौता र विश्व व्यापार सङ्गनठको व्यापार सहजीकरण सम्झौताको पक्ष राष्ट्र हो । यी सम्झौताअनुसार संशोधित क्योटो महासन्धिका प्रावधानमध्ये सामान्य प्रावधान सदस्य भएको तीन वर्षभित्र तथा सङ्क्रमणकालीन मापदण्ड पाँच वर्षभित्र कार्यान्वयनमा ल्याइसक्नुपर्ने महासन्धिमा उल्लेख छ ।

त्यस्तै, व्यापार सहजीकरणका लागि भन्सारसँग सम्बन्धित प्रावधान भन्सार ऐन नियमबाट सम्बोधन गर्न आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो । यो ऐन प्रमाणीकरण भएको मितिले ९१औं दिनदेखि लागू हुनेछ ।

राष्ट्रियसभाको अर्को बैठक यही असार २० गते शुक्रबार अपरान्ह १ बजेर १५ मिनेटमा बस्नेछ ।

# प्रदेशको सफलता नै संघीय लोकतान्त्रिक गणतन्त्रको सफलता हो : राष्ट्रपति पौडेल

दैनिक समाचारदाता

काठमाडौं १८ असार । राष्ट्रपति रामचन्द्र पौडेलले पछिल्ला आन्दोलनहरूको उपलब्धिलाई संस्थागत गर्ने महत्वपूर्ण आधार प्रदेश भएको उल्लेख गर्दै प्रदेशको सफलता नै संघीय लोकतान्त्रिक गणतन्त्रको सफलता हो बताउनुभएको छ ।

राष्ट्रपति पौडेलले प्रदेश प्रमुखहरूसँग शीतल निवासमा बुधबार भएको भेटघाट कार्यक्रममा सो धारणा व्यक्त गर्नुभएको हो । "प्रदेशहरू सुदृढ भए यो व्यवस्था नै सुदृढ हुन्छ, संविधानको सम्पूर्ण कार्यान्वयनका लागि आवश्यक पर्ने संघीय, प्रादेशिक र स्थानीय तहका कानुनको तर्जुमा र त्यसको निष्कपट कार्यान्वयनबाटै यो संविधानको औचित्य र सार्थकता प्रमाणित हुन्छ भन्ने मेरो विश्वास छ", उहाँले भन्नुभयो ।

प्रदेश प्रमुख प्रदेशको प्रमुख मात्र होइन केन्द्रको प्रतिनिधि पनि भएकाले संघ र प्रदेशबीचको समन्वयकर्ता पनि हो र समग्रमा प्रदेश प्रमुखहरू सङ्घीयताको सेतु भएको उहाँको भनाई थियो । "त्यसो भएको हुनाले राष्ट्रपति र प्रदेश प्रमुखहरूबिच निरन्तर सम्पर्क, संवाद र समन्वय हुन जरुरी छ",राष्ट्रपति पौडेलले भन्नुभयो ।

उहाँले प्रादेशिक कानुन निर्माणका कामहरू चाँडै सकेर कार्यान्वयनमा जति सक्दो चाँडै लाग्छौं, परिवर्तनको लाभ जतिसक्दो चाँडो नागरिकको आँगनमा पुऱ्याउन सक्यो त्यति जनतामा व्यवस्थाप्रतिको भरोसा अभिवृद्धि हुन्छ, यसमा विलम्ब नगरौँ भनेर हाम्रोतर्फबाट झकझकाउने काम गरौँ भन्नुभयो ।

"प्रदेशको संरचनाले मात्र यसको राजनीतिक महत्व स्थापित हुँदैन, यसको चरित्रलाई जनमुखी, समावेशी र सुशासित बनाउन जरुरी छ, चरित्रको बदलाव मुख्य कुरा हो, राजनीतिक उपलब्धिलाई नागरिकको जीवनसँग जोडौं, प्रदेश-प्रदेशबीच स्वस्थ प्रतिस्पर्धा गरौं, साथसाथै अन्तर प्रदेश सहकार्य र समन्वयमा जोड दिऔं, एक आपसको सहकार्यले सबैलाई लाभ पुग्ने छ भन्ने मलाई लाग्छ", राष्ट्रपति पौडेलले भन्नुभयो ।



प्रदेशको आन्तरिक स्रोतको सक्दो प्रयोग गरेर प्रादेशिक विकासका नयाँ-नयाँ सपनाहरू बनाउन, प्रत्येक प्रदेशले आफ्नो मौलिकता निर्माण गरेर अगाडि बढ्न सम्बन्धित सरकारलाई सुझाव दिनुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो ।

मुख्य कुरा नागरिकको सम्मान, स्वाभिमान र समृद्धि भएकाले यसमा प्रदेश प्रमुखहरूले सम्पूर्ण प्रदेशलाई केन्द्रित गर्न झकझकाउने काम गर्नुपर्ने उहाँको भनाइ थियो ।

"खासगरी मेरो जोड सुशासन, जनतामा प्रभावकारी सेवा प्रवाह र लोकतन्त्रको सुदृढीकरणमा केन्द्रित छ, जनस्तरमा लोकतन्त्रप्रति भरोसा जगाउन बौद्धिक वर्ग, नागरिक समाजका अगुवालाई सम्पर्क गर्ने र छलफल गर्ने गर्दा उपयुक्त हुन्छ भन्ने पनि म ठान्दछु", राष्ट्रपति पौडेलले भन्नुभयो ।

विकास-निर्माण, सुशासन, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, साहित्य, कला, संस्कृतिजस्ता क्षेत्रको विकास, विस्तारमा सुझाव दिने र यी क्षेत्रमा सम्पर्क तथा सम्बन्ध विस्तार गर्ने काममा लाग्न उहाँले सुझाव दिनुभयो । राष्ट्रपति पौडेलले हामी सबै मिलेर संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्नेतर्फ लागौं भन्ने आग्रह गर्नुभयो । सो अवसरमा सातै प्रदेशका प्रदेश प्रमुखहरुले आफूले भोग्नुपरेका कठिनाइ, कानुन नियममा रहेका अन्यौलहरुको बारेमा जानकारी गराउँदै यसको समाधानका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराइदिन हुन राष्ट्रपति समक्ष आग्रह गर्नुभएको थियो ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४